नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय


GREEN CLIMATE FUND

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन

# वातावरणीय तथा सामाजिक सुरक्षा चुरे उत्थानशील आयोजना, नेपाल (BRCRN)

## १. वातावरणीय तथा सामाजिक सुरक्षा भन्नाले के बुझ्ने ?

वातावरणीय तथा सामाजिक सुरक्षा (Environmental and Social Safeguard- ESS) भन्नाले आयोजना कार्यान्वयन गर्ने प्रक्रियामा स्थानीय बासिन्दा तथा वातावरणमा कुनै पनि नकारात्मक वा अनपेक्षित हानि–नोक्सानी आई नपरोस् भन्नका लागि डिजाइन गरिएका नीति–नियम, मापदण्ड तथा सञ्चालन प्रक्रियाका रूपरेखा हुन्। यस्तो 'ESS' ले विकास कार्य सञ्चालनार्थ परियोजना डिजाइन गर्ने समयमा नै भविष्यमा के–के र कस्ता–कस्ता सामाजिक तथा वातावरणीय अवसर तथा जोखिमहरू वा सकारात्मक तथा नकारात्मक असर एवं प्रभावहरू देखिन सक्छन् भन्ने कुराको मूल्याङ्कन तथा विश्लेषण गर्न सघाउँछ। साथै 'ESS' ले जोखिम कम गर्ने तथा व्यवस्थापनमा के–के सुधार ल्याउनुपर्छ भन्ने कुराको पनि सिफारिस गर्न सक्दछ। परियोजना कार्यान्वयन गर्ने सन्दर्भमा यस्तो 'ESS' ले बढीभन्दा बढी सकारात्मक प्रभाव भित्र्याउनका लागि जोखिम कम गर्ने तथा त्यस्ता जोखिमलाई सही व्यवस्थापन गर्नमा सहयोग पुऱ्याउँछ। 'ESS' का मूल खम्बाहरू तलको चित्रबाट स्पष्ट हुन्छ :




*चित्र १: वातावरणीय तथा सामाजिक सुरक्षा (ESS) का मूल खम्बाहरू (स्रोत: FAO, २०१९[१])*

यसरी वातावरणीय तथा सामाजिक सुरक्षाका जोखिमहरूलाई सम्बोधन गरिएमा नै आयोजनाले लिएका दिगोपनका लक्ष्यहरू पूरा गर्न मद्दत पुग्नेछ। यसलाई सहयोग पुगोस् भन्ने हेतुले नेपाल सरकारले सन् २०१९ मा नयाँ 'वातावरण संरक्षण ऐन' ल्याएको छ भने सन् २०२० मा त्यसै ऐनअन्तर्गत 'वातावरण संरक्षण नियमावली' पनि नयाँ ल्याएको छ। यी कानूनी प्रावधानले कुनै पनि आयोजनाको प्रारम्भिक वातावरणीय सर्वेक्षण (IEE) तथा वातावरणीय प्रभाव अध्ययन (EIA) गर्नुपर्ने कुरामा जोड दिएका छन्। साथै वर्तमान नियमावलीमा कुनै पनि आयोजनाको 'वातावरणीय व्यवस्थापन योजना' (EMP) हुनुपर्ने र 'रणनीतिक वातावरणीय मूल्याङ्कन' (SEA) पनि हुनुपर्ने भनेर नयाँ प्रावधान राखिएको छ। नेपालका सम्पूर्ण विकास परियोजनाहरूले वातावरणीय सुरक्षा तथा दिगो विकासका सवालहरूलाई मूलप्रवाहीकरण गर्नुपर्ने कुरामा अहिले निकै जोड दिइएको छ। यद्यपी कागजी दस्तावेजमा मात्र नभएर जनसमुदायस्तरमा नै व्यावहारिकरूपमा ती कुरा प्राप्त गर्न अझ धेरै प्रयासको आवश्यकता रहेको छ।

## २. चुरे क्षेत्रको उत्थानशील आयोजना (BRCRN) मा वातावरणीय तथा सामाजिक सुरक्षाको आवश्यकता

यस आयोजनाको वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी कार्यहरूलाई प्रमाणित (एक्रिडेट) गर्ने जिम्मेवारी संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (UN-FAO) ले पाएको छ र त्यसको प्रतिवेदन 'हरित जलवायु कोष' (GCF) मा पनि FAO ले नै पठाउने गर्छ। त्यसका अतिरिक्त यस आयोजनाको कार्यान्वयनमा पनि FAO ले सह–कार्यान्वयनकर्ता (EE) को रूपमा नेपाल सरकार– वन तथा वातावरण मन्त्रालयसँग सहकार्य गरिरहेको छ। यो आयोजना हाल नेपालको पूर्वी तथा दक्षिणी चुरे भेगलाई समेट्ने गरी कुल २६ वटा नदी प्रणालीमा कार्यान्वयन भइरहेको छ। प्रदेशका हिसाबले आयोजनाले प्रदेश १, मधेस प्रदेश तथा बागमती प्रदेशका केही भागहरू समेटेको छ।



यस आयोजनाले अधिकतम रूपमा समुदाय स्तरमा वातावरणीय तथा सामाजिक लाभहरू दिलाउने प्रयास गरेको छ। यति भन्दाभन्दै पनि कतिपय स्थानमाससाना नै किन नहोऊन्, नकारात्मक प्रभाव र जोखिमहरू पूर्णरूपमा नआऊलान् भन्न सकिन्न। तिनै सम्भावनाको राम्रोसँग पहिचान, मूल्याङ्कन–विश्लेषण तथा निराकरण वा न्यूनीकरणका उपायहरूको खोजी परियोजनाको क्रियाकलाप–तर्जुमाका समयमा नै गर्ने गरिन्छ र कार्यान्वयन चरणमा ती उपायहरू अवलम्बन गरिन्छ। परियोजना अन्तर्गतका क्रियाकलाप (Activities) तथा उप–क्रियाकलाप (Sub-activities) तहमा पनि सम्भावित जोखिमको जाँच–पड्ताल (Screening) गरिन्छ र 'प्रारम्भिक अवस्थामा आउन सक्ने जोखिमहरू'को स्पष्ट पहिचान गरिन्छ। तिनको पहिचान यसप्रकार गरिन्छ :

क) जलवायु उत्थानशील भूउपयोग तथा दिगो प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरी स्थानीय जीविकोपार्जन सुधारका प्रयास गर्दा परम्परादेखि प्राकृतिक स्रोतमा आश्रित विपन्न तथा सीमान्तकृत परिवारमा पर्न सक्ने नकारात्मक प्रभावहरूको आकलन।


ख) आयोजना कार्यान्वयनका सन्दर्भमा विभिन्न ठाउँमा सानातिना पूर्वाधार विकास/निर्माणका कार्यहरू सञ्चालन गर्दा ती क्रियाकलापबाट स्थान–विशेषमा पर्नसक्ने प्रभावहरूको आकलन।

ग) आयोजनाका क्रियाकलाप कार्यान्वयन हुँदा महिला, आदिवासी तथा सीमान्तकृत/अल्पसंख्यक परिवारमा आइपर्न सक्ने विभेदजन्य व्यवहार र सहभागितामा आइपर्न सक्ने बाधा र व्यवधानहरूको आकलन।

घ) पर्याप्त सुरक्षाका उपकरणको अभावका कारण वनका रुखहरू काट्दा वा वन व्यवस्थापनका अन्य कार्यहरू गर्दा ती कार्यमा संलग्न हुने व्यक्तिहरूमा लाग्न सक्ने चोटपटक वा अन्य जोखिमको आकलन।

१ स्रोत :https://www.fao.org/investment-learning-platform/themes-and-tasks/environmental-social-safeguards/en/

ङ) आयोजना क्षेत्रका अँधेरी खोला, बरुवा खोला तथा द्वार खोला नदी– प्रणालीका केही भागहरू कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रभित्र पर्ने भएकोले ती क्षेत्र र सम्बद्ध मध्यवर्ती क्षेत्र (Buffer zone) मा आयोजनाले लगानी गर्ने छैन। यसतर्फ बढाउनुपर्ने स्थानीय समझदारी र समन्वयको आकलन।




*चित्र २ : आयोजनाको मूल उद्देश्य तथा अन्य उद्देश्यहरू (संभाग)*

हरित जलवायु कोष (GCF) ले परियोजना कार्यान्वयनका लागि अपनाइने मापदण्ड तथा निर्देशिका हाललाई अन्तर्राष्ट्रिय वित्त निगम (IFC) बाट साभार गरेको छ।। IFC ले जारी गरेको मापदण्डमा जम्मा ८ वटा मापदण्ड छन्। सबै मापदण्ड परियोजना डिजाइन तथा कार्यान्वयन गर्ने सन्दर्भमा अपनाउनुपर्ने वातावरणीय तथा सामाजिक मापदण्ड हुन्। IFC का मापदण्डहरू र FAO का वातावरणीय तथा सामाजिक सुरक्षाका मापदण्ड आपसमा मिल्ने खालका छन्। ती सबैमध्ये ९ वटा मापदण्डलाई यस आयोजनाको समग्र परियोजना चक्र (Project Cycle) मा प्रयोग गरिने छ। आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा संरक्षण तथा विकास क्रियाकलाप छनोट गर्दा र 'वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना' ('ESMP') निर्माण गर्दा प्रयोग हुने ९ वटा मापदण्ड यसप्रकार छन्:




हरेक क्रियाकलाप छनोट गर्दा FAO को सिफारिस बमोजिमका माथिका ९ वटा मापदण्ड (FAO Checklist) लाई आधार मानी छनोट (Screening) गरिने छ। 'वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना' (ESMP) बनाउँदा महत्वपूर्ण सूचनाहरू जस्तो कि– जोखिमहरू, जोखिम निराकरणका उपायहरू, सूचकहरू, जिम्मेवार निकायहरू र सक्दोरुपमा योजनाका क्रियाकलाप पूरा हुने समयावधि अर्थात् Time-Frame समेत उल्लेख गरी बनाइने छ।


योजनामा उल्लेख गरिने उप–क्रियाकलापहरू (Sub-activities) को छनोटमा पनि उप–क्रियाकलापको प्रकृति, हद र क्षमता, जोखिम प्रतिस्थापन सम्भावना, प्रभाव हुने खास–खास क्षेत्र (स्थान) हरूको स्पष्ट उल्लेख हुनेछ। ESMP तर्जुमाका क्रममा आयोजनाले अपनाउनुपर्ने वातावरणीय तथा सामाजिक अनुगमनको योजना पनि राखिनेछ, जसले जोखिम न्यूनीकरणमा अवलम्बन गरिने उपायको सफलताको अनुगमन तथा अध्ययन गर्न सघाउने छ।

## ३. यस आयोजनामा वातावरणीय तथा सामाजिक सुरक्षाका मापदण्डहरूलाई यसरी प्रभावकारी पारिने छ:




| | | |
|---|---|---|
| यस आयोजनाले वन्यजन्तु आरक्ष तथा 'मध्यवर्ती' क्षेत्रमा विकास क्रियाकलाप सञ्चालनार्थ सहयोग गर्ने छैन, पारिस्थितिकीय प्रणालीलाई प्रवद्र्धन तथा पुनस्थापन गर्नेबाहेक अन्य प्रयोजनका लागि भूमि उपयोग गर्ने (ल्यान्ड कन्भर्सन) लाई सहयोग गर्ने छैन। | वृक्षरोपण अभियान चलाइनुका साथै कृषि–वन (एग्रोफरेस्ट्री) पद्धतिको विकास गरिनेछ र यी कार्यक्रममा सम्बन्धित क्षेत्रमा नै बढी प्रयोग भइरहेका वा रुचाइएका वा स्थापित प्रजातिहरूलाई नै जोड दिइने छ। यस प्रयोजनका लागि कुनै पनि प्रकारको बीउ वा बिरुवा विदेशबाट आयात गरिने छैन। | यस परियोजना क्षेत्रमा बसोबास गर्ने कुल जनसंख्यामा ३१ प्रतिशत जनसंख्या आदिवासीको छ, १३ प्रतिशत जनसंख्या सामाजिक हिसाबले बहिष्करणमा परेका जाति अर्थात् 'दलित'को छ। तसर्थ योजना कार्यान्वयन गर्ने प्रक्रियामा यी वर्ग र समुदायको आत्मसम्मान, सहभागिता, उत्थान तथा 'विशेष अधिकार'२ का सवालहरू पूर्णरुपले सम्बोधन गर्ने उद्देश्यले 'सामाजिक सवाल सम्बोधन विशेष योजना ढाँचा' (प्लानिङ फ्रेमवर्क) बनाई कार्य अघि बढाइने छ। |

२ : यहाँ 'विशेष अधिकार' भन्नाले संयुक्त राष्ट्रसङ्घबाट घोषणा भएको 'आदिवासीहरूको अधिकार (UNDRIP) अर्थात् कुनै कार्य हुनुअघि नै स्वतन्त्र ढंगले पूर्ण सूचित भएपछि मात्र दिइने सहमति ('EPIC') को अधिकार भन्ने बुझिन्छ। यस अधिकारको प्रावधानले कुनै पनि आदिवासी क्षेत्रमा सञ्चालन हुने परियोजनाले पार्ने प्रभावका आधारमा ती जनताले परियोजनाका कुराहरू स्वीकार वा अस्वीकार गर्ने अधिकार प्रदान गरेको छ। एकपटक स्वीकृति दिइसकेको भए पनि चाहेका बखत त्यो सहमति वा सम्झौता कुनै पनि बेला फिर्ता लिन सक्छन्। साथै यस EPIC अधिकारले गर्दा आयोजनाको डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सबै पक्ष र शर्तहरुमा बहस र सम्झौता (Negotiate) गर्न बल पुग्दछ। यी कुराहरूलाई 'स्व–पहिचानको विश्वव्यापी घोषणापत्र'मा पनि समेटिएको छ। थप विवरण यस वेबसाइटबाट प्राप्त गर्न सकिन्छ : https://www.fao.org/indigenous-peoples/our-pillars/fpic/en/)




**अनुगमन :**

यस आयोजनामा 'अनुगमन'ले समेट्ने कुराहरु यसप्रकार छन् : मापन गरिने आधार र सूचकहरूको तय, मापनमा प्रयोग गरिने विधि, 'स्याम्पल' (नमुना छनोट) गर्ने ठाउँ तोक्ने, कति पटक मापन गर्ने हो सो स्पष्ट हुने, आवश्यक पर्ने ठाउँमा पत्ता लगाउने कुराको सीमा ('डिटेक्सन लिमिट') तोक्ने, र, सुधारका उपाय अपनाउनुपर्ने कुराको परिभाषा र न्यूनतम हद ('थ्रेसहोल्ड') को उल्लेख।

यस्तो अनुगमन तथा प्रतिवेदन प्रणालीले गर्दा आयोजना क्षेत्रमा पर्ने प्रभावहरू घटाउनका लागि समयमै अपनाउनुपर्ने उपायको खोजी तथा ती प्रयोग गर्न र त्यस्ता प्रयत्नबाट भएका प्रगति, नतिजा र प्रभावको बारेमा सूचना प्रदान गर्ने पद्धतिको सुनिश्चितता मिल्दछ। वार्षिकरूपमा गरिने संपरीक्षणहरू तथा विभिन्न समयमा गरिने सर्वेक्षणहरूले यी कुराको सुनिश्चितता दिन्छन्। जसले गर्दा आयोजनाको समग्र प्रभावकारिता अनुगमनको उद्देश्य सम्पन्न हुन्छ।

*चित्र ३ : BRCRN आयोजनामा अपनाइएको वातावरणीय तथा सामाजिक सुरक्षा प्रणाली*

## ४. आयोजनामा सरोकारवालाहरूको सहभागिता कसरी हुन्छ ?

आयोजनाको लागि तयार पारिएको 'सरोकारवालाहरूको सहभागिता अभिवृद्धि योजना' (Stakeholder Engagement Plan) को सही कार्यान्वयन यस आयोजनाको लागि प्रमुख आवश्यकताहरूमध्ये एक पर्दछ। यस आयोजनामा सरोकारवाला भन्नाले सरकारी निकाय वा विभिन्न तहका सरकारहरू, स्थानीय समुदायहरू, समुदायमा आधारित सङ्घ–संस्था (CBO) हरू, गैरसरकारी संस्थाहरू/नागरिक समाज, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरू र विभिन्न अन्तर्राष्ट्रिय नियोग, सङ्घ÷संस्थाहरूलाई बुझाउँदछ। सरोकारवालासँग गरिने विभिन्न तहका छलफल तथा परामर्शहरूले गर्दा विभिन्न सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुन्छ, जस्तो कि, महिलाहरूको सहभागिता, आदिवासी तथा दलित जातिको सहभागिता, सीमान्तकृत अल्पसङ्ख्यक समूहहरूको सहभागिता, आदि।



यस परियोजना डिजाइन गर्ने सन्दर्भमा पनि केन्द्र, प्रदेश तथा स्थानीय गरी विभिन्न तहमा व्यापक छलफल–परामर्श गरिएको थियो। त्यसपछिका नियमित परामर्शहरूले सबै सरोकारवालाहरूलाई परियोजनाको प्रगति थाहा दिन, परियोजनाले गरेका कार्यहरूलाई समर्थन तथा स्वीकार÷ग्रहण गर्न र नतिजा प्रस्तुत गर्न सघाउ पुग्दछ।

FAO तथा वन तथा वातावरण मन्त्रालयबाट यस आयोजनाले अपनाएको वातावरणीय तथा सामाजिक सुरक्षाको अवस्था, आयोजनाको कार्यान्वयनको प्रगति तथा अन्य विभिन्न सवालहरूका बारेमा अद्यावधिक गरिएका छन्। संस्थाका वेबसाइटहरू, छापा सामग्रीहरू, रेडियोमार्फत् विविध सामग्री प्रसारण, लिखित प्रतिवेदनहरू तथा विविध प्रस्तुतिहरूमार्फत् ती कुरा अद्यावधिक गराउने गरिएको छ। यस्ता सूचना नेपाली तथा अंग्रेजी भाषा, र सकेसम्म स्थानीय भाषामा समेत प्रकाशन तथा प्रसारण गरिन्छ। साथै, आयोजनाले उपलब्ध गराउने फोन नम्बरमार्फत् पनि आयोजनाका लाभग्राही एवं सरोकारवालाहरूले परियोजनाका सम्बन्धमा जिज्ञासा समाधान गर्न, विविध सवाल उठाउन र कुनै गुनासो वा उजुरी भए सो समेत टिपाउन सक्ने व्यवस्था गरिएको छ।

आयोजनाको राष्ट्रिय तहमा परियोजना व्यवस्थापन समिति अर्थात् 'Project Steering Committee' (PSC) का बैठकहरूमा मुख्य सरोकारवालाहरूलाई आमन्त्रण गर्ने गरिन्छ। यस्ता PSC बैठक वर्षको दुईपटक आयोजना गरिन्छ। त्यस्तै प्रदेश तहमा प्रादेशिक परियोजना समन्वय समिति (PPCC) हरूमा सरोकारवालाहरूको स्थायी प्रकृतिको प्रतिनिधित्व हुने प्रावधान छ। यी समन्वयकारी प्लेटफर्महरूका कारण परियोजनाको प्रगतिबारे सूचना विस्तार गर्न, समन्वयको प्रभावकारिता बढाउन तथा विभिन्न सरोकारवालाहरूबाट पृष्ठपोषण प्राप्त गरी ती कुराको सम्बोधन गर्नसमेत सहयोग पुग्ने गरेको छ।

यस आयोजनामा हुने यस्ता सहभागिता र संलग्नता स्वयंसेवी प्रकृतिका नै हुने गरेका छन्। आदिवासी समुदायको संलग्नता गराउँदा भने FPIC का सिद्धान्तबमोजिम उहाँहरूको पूर्वसहमति लिएरमात्र गराउने गरिएको छ। आदिवासी समुदायको प्रतिनिधित्व गर्ने 'समुदायमा आधारित संस्था' अर्थात् CBO को पहिचान गरी तिनै संस्थाहरूमार्फत् स्थानीय समुदायमा आयोजनाका बारेमा जानकारी गराउने र कसरी ती वर्गको प्रत्यक्ष सहभागिता बढाउन सकिन्छ भन्नेबारेमा पनि छलफल एवं सरसल्लाह गरिन्छ।

## ५. BRCRN आयोजनामा सूचना प्रकाशन प्रसारण (Disclosure) कसरी गरिन्छ ?

यस आयोजनाले 'वातावरणीय तथा सामाजिक सवाल व्यवस्थापन योजना'हरू, 'आदिवासी समुदायसम्बन्धी योजना'हरू, तथा 'सामाजिक समावेशीकरण व्यवस्थापन योजना'हरूजस्ता विविध दस्तावेजहरूमार्फत् परियोजनासम्बन्धी सूचना तथा जानकारीहरू सरोकारवालासमक्ष पुऱ्याउने गर्दछ, जसले गर्दा उहाँहरूको सहभागिता र प्रभावकारिता बढाउन प्रोत्साहन

मिल्दछ। FAO बाट यस प्रकारका जानकारीहरू समय–समयमा उपलब्ध गराउने कार्य हुन्छ। जानकारीहरू उपलब्ध गराउँदा पहुँच सहज होस्, स्थानीय संस्कृतिसँग मेल खाने होस्, र समुदायको खास आवश्यकताहरू– जुन परियोजना कार्यान्वयनका कारण प्रभावमा पर्न सक्छन्, लाई विशेष ध्यान दिइएको छ भन्ने कुरामा सुनिश्चितता गरिन्छ।

BRCRN आयोजना र FAO ले आयोजनाअन्तर्गतका सबै खालका 'मध्यम जोखिमवाला परियोजना'का बारेमा सूचना प्रवाह गर्ने योजना (Disclosure Plan) बनाउने छन्। यसका लागि सूचना प्रवाहको विशेष पोर्टल ('Disclosure Portal') बनाइने छ र त्यसमा विभिन्न सामग्रीहरू, जस्तै– परियोजनासम्बन्धी वातावरणीय तथा सामाजिक सुरक्षा दस्तावेजहरू राखिने छन्। ती दस्तावेजमा मूलतः वातावरण तथा सामाजिक विश्लेषण प्रतिवेदनहरू, वातावरणीय तथा सामाजिक प्रभाव अध्ययनका प्रतिवेदनहरू, वातावरणीय तथा सामाजिक सवाल व्यवस्थापन कार्यढाँचा (फ्रेमवर्क) हरू, आदिवासी समदायका योजनाहरू, सामाजिक समावेशीकरण योजनाहरू, र, परियोजनासम्बन्धी अन्य विविध प्रकाशनहरू हुनेछन्।

आयोजनाको सूचना प्रकाशन तथा प्रवाह गर्दा खासगरी संकट भोग्नुपर्ने अर्थात् जोखिममा रहेका संकटासन्न समूह, त्यसमा पनि महिला, आदिवासी समुदाय, दलित, निरक्षर वा प्रविधिमा पछाडि रहेको वर्ग, कान नसुन्ने तथा आँखा नदेख्नेजस्ता शारीरिक अपाङ्गता रहेका व्यक्तिहरू, इन्टरनेटको पहुँच नभएका वा भए पनि कम क्षमताका कारण समस्या भोगिरहेका जनताहरू र अन्य विशेष आवश्यकता पर्ने खालका समूहलाई विशेष ध्यान दिइनेछ।

## ६. BRCRN आयोजनामा गुनासो व्यवस्थापन संयन्त्र

गुनासो व्यवस्थापन संयन्त्र ('GRM') को डिजाइन गर्दा कुनै पनि गुनासो गर्ने वा पीरमर्काबारे जानकारी गराउने व्यक्तिलाई पछिसम्म कुनै नकारात्मक असर नपरोस् भन्ने कुराको सुनिश्चितता हुनेगरी गरिएको छ। यो सुविधा सबैका लागि उपलब्ध हुन्छ। महिला, आदिवासी समुदाय तथा अन्य सीमान्तीकृत वर्गले यस्तो सुविधा सहजै प्राप्त गर्न सक्नुहुनेछ र गुनासो गरेबापत उहाँहरूलाई पछि असर पर्ने खालको कुनै समस्या आइपर्ने छैन भन्ने कुराको सुनिश्चिततामा विशेष जोड दिइएको छ।



गुनासो व्यवस्थापन संयन्त्र ('GRM') का उद्देश्यहरू यसप्रकार छन् :

- आयोजनाबाट प्रभावित व्यक्तिहरू, सरोकारवालाहरू र विभिन्न समुदायका व्यक्तिहरूका गुनासा र मर्काहरू सजिलै र स्वतन्त्र ढंगले उठान होउन् र तिनको प्रभावकारी सम्बोधन पनि होस् भन्ने अभिप्रायले संयन्त्र/'प्लेटफर्म'को विकास गर्नु;
- परियोजना डिजाइन र कार्यान्वयनका चरणहरूमा सरोकारवालाहरू र समुदायहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने कुराको प्रदर्शन गर्न र अपनत्व जगाउन; तथा
- सुधारका लागि गरिएका प्रयासहरूको अनुसरण तथा प्रतिवेदन गर्ने पद्धति बसाल्न।

यस आयोजनामा आइपर्ने कुनै पनि गुनासा र मर्काको सही व्यवस्थापनको सुनिश्चितताका लागि नै गुनासो व्यवस्थापन संयन्त्र ('GRM') बनाइएको हो। आयोजनामा आइपर्ने गुनासो समाधानका लागि 'आन्तरिक राष्ट्रिय प्रक्रिया'बाटै लैजाने संयन्त्र छ, जसले अधिकांश समस्याको समाधान गर्न सक्छ भन्ने अपेक्षा गरिएको हुन्छ। तल चित्र ४ मा गुनासो व्यवस्थापनको प्रक्रियाको व्याख्या गरिएको छ।

हाम्रो समाजमा लामो समयदेखि चल्दै आएका द्वन्द्व समाधानका अभ्यासहरू, विभिन्न जातजाति–विशेषका समस्या समाधान गर्ने तौरतरिकाहरू पनि आयोजनाले यस संयन्त्रमार्फत् गुनासो व्यवस्थापनका सिलसिलामा औपचारिक रूपमा नै समायोजन वा लागू गर्ने प्रयास गर्दछ।

*चित्र ४ : गुनासो व्यवस्थापनको प्रक्रिया*




**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**चुरे उत्थानशील आयोजना, नेपाल (BRCRN)**
वन परिसर, बबरमहल, काठमाडौँ
फोन : ०१–५३४१४८७ • इमेल : brcrn.nepal@brcrn.gov.np
वेबसाइट : www.brcrn.gov.np

संयुक्त राष्ट्रसंघीय
खाद्य तथा कृषि संगठन

**संयुक्त राष्ट्रसंघीय**
**खाद्य तथा कृषि संगठन**
यूएन हाउस, पुल्चोक, ललितपुर, पो.ब. नं. २५
टेलिफोन : ०१–५५२३२३९ • इमेल : fao-np@fao.org
वेबसाइट : https://www.fao.org/nepal/en/

यस परिचय पुस्तिकाको मूल सन्दर्भ सामग्रीः वातावरणीय तथा सामाजिक सवाल व्यवस्थापन कार्यढाँचा (फ्रेमवर्क), चुरे उत्थानशील आयोजना, ब्ङ; सेप्टेम्बर, २०१९।